नवदुर्गा गाउँपालिका डडेल्धुरा

स्थानीय राजपत्र

# लैङ्गिक हिंसा निवारण कोष( सञ्चालन) कार्यविधि, २०७८

**<u>कार्यपालिका वाट स्वीकृत मिति २०७८।०७। ११ गते</u>**

प्रास्तावना समाजमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वान्छनीय देखिएकोले प्रशासकीय कार्यविधि

(नियमित गर्ने) ऐन,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नवदुर्गा गाउँपालिकाले यो कोष सञ्चालन सम्वन्धि कार्यविधि

बनाएको छ।

<u>१. संक्षिप्त नाम र प्रारम्भ :</u>(१) यो कार्यविधिको नाम लैङ्गिक हिंसा निवारण कोष (संचालन)कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

<u>२. परिभाषा:</u>विषय वा प्रसंगले अर्कौ अर्थ नलागेमा यस कार्यविभिमा ,

( क )"कार्यालय" भन्नाले नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख )"कोष " भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग)"पीडित"भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ )"संन्चालक समिति " भन्नाले नियम ८ बमोजिमको राहात तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ङ)"लैङ्गिक हिंसा " भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार

लगायत लैङ्गिक आधारमा हुने हिसा सम्झनु पर्छ ।

<u>३. कोषको स्थापना :</u> (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नवदुर्गा गाउँपालिका बाट प्राप्त रकम,

(ख)  संघिय सरकार वा प्रदेश सरकार बाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ)विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुटै खाता खोलि जम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :**महिला हक हितको संरक्षणका लागि गाउँपालिकाले तोके बमोजिमको रकममा नघटाई कोषमा जम्मा

गर्नु पर्नेछ।

**५ सरोकारवाला :**   महिला जनप्रतिनिधि, आमा समूह, न्यायक समिति, प्रहरी चौकी, वडा कार्यालय, किशोरी संजाल, महिला संजाल,एकल महिला  समूह, महिलाको हक हितमा काम गर्ने अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय संघ सस्थाहरु ।

**६. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपल्बध गराउन उपयोग गरिनेछः-

(क) तत्काल उद्धार गर्न,

(ख)औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलवध गराउने,

(घ) कानूनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पुँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुर्नस्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपनियम  (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संन्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर

किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई

प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :(१) कोषको रकम नियम ५मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संन्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग

गर्न सकिनेछ ।

८. कार्यालयलाई रकम उपलब्ध गराउने : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि संन्चालक समितिले कोषबाट

कार्यालको नाममा रकम निकाशा दिनेछ ।

९.संन्चालक समितिको गठन : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतकोलागि संन्चालक समिति रहनेछ ।

(२) संन्चालक समितिको गठन देहाय बमोजिम हुनेछ:-

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) प्रमुख, वडा प्रहरी कार्यालय -सदस्य

(घ) गाउँ सभा सदस्य (महिला २ जना)-सदस्य

(ङ) लैङ्गिक हिंसा निवारको क्षेत्रमा कार्यरत स्थानीय तहमा

गैर सरकारी संस्थाकहरु मध्येबाट संन्चालक समितिले तोकेको

संस्थाको प्रतिनिधि एक जना -सदस्य

(च) महिला तथा बालबालिका विकास शाखा प्रमुख -सदस्य -सचिब

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(५) सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. संन्चालकसमितिको काम कर्तव्य र अधिकार** :संन्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग)स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम गर्ने ।

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा

आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ:-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भडा रकम, खाना खर्च वापत प्रतिदिन तिन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले बढीमा पाँचहजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए

सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई

बाहिर बस्नु परेमा वढीमा पाँच दिनको बसोबास खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

पीडितसँग आश्रित बालबच्चा भए बालबालिका का लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पुँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैयाँ,

(ङ)पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) संन्चालक समितिले तोके बमोजिमको अन्य कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र

सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन

सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाई संन्चालक समितिले तोके बमोजिमको

राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

<u>१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :</u> (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिका सहयोग प्राप्त गर्न

चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु

पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत

समितिले नियम १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

<u>१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइएको, एसिड प्रयोग गरी

वा छर्किई वा त्स्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका  पीडितलाई तत्काल उद्धारऔषधि उपचार पुर्नस्थापना वा

राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा र  सञ्चालक समितिको तत्काल बैठक बस्ने

अवस्था नरहेमा सञ्चालक समितिको  अध्यक्षले वढिमा वीस हजार  रकम कोषबाट पीडितलाई उपलब्ध

गराउन सक्नेछ ।

(२) उपनियम (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम

उपलब्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. थप रकम निकासा माग गर्न सक्ने:**(१)कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक

समितिले थप रकम माग गर्न सक्नेछ ।

२ उपनियम १ बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन

सक्नेछ ।

**१५. छुटै खाता खोल्नु पर्ने** (१) संघिय सरकारबाट प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुटै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१६ . कोषको लेखा र लेखा परिक्षण :** १ कोषको आय वययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१७. आवर्ति (रिभल्भीङ) कोष :**यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१८. प्रतिवेदन पेश गर्ने** : (१) संञ्चालक समितिले प्रत्यक ६ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२)कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१९. बैठक भत्ता :** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**२०. निर्देशन दिन सक्ने :** (१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहिको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।